# अन्तर्राष्ट्रिय पानी दिवश (मार्च २२) का उपलक्ष्यमा
# काठमाडौंको खानेपानी व्यवस्थापनको निजीकरणका विरुद्ध पेश गरिएको
# **ज्ञापनपत्र**

२०६३।१२।१०

सम्माननीय प्रधानमन्त्रीज्यू
नेपाल सरकार
मन्त्रिपरिषद्को सचिवालय
सिंहदरबार, काठमाडौं

सम्माननीय सभामुखज्यू
अन्तरिम व्यवस्थापिका संसद्
सिंहदरबार, काठमाडौं

विभिन्न राजनीतिक दलका प्रमुखज्यूहरू

विषयः काठमाडौं उपत्यकाको खानेपानी व्यवस्थापन निजीकरण गर्ने कार्य अविलम्ब खारेज गरिनुपर्ने बारे ।

महोदय,

उपर्युक्त सम्बन्धमा हामी तपशिलका आवेदक संस्थाहरू अन्तर्राष्ट्रिय पानी दिवश - मार्च २२) का उपलक्ष्यमा निम्नलिखित माग गर्दछौंः

(क) बृहत् शान्ति सम्झौता तथा अन्तरिम संविधानमा खानेपानी सेवालगायतका स्वास्थ्यसेवालाई आधारभूत मानवअधिकारका रूपमा स्वीकार गरिसकिएकाले काठमाडौं उपत्यकालगायत नेपालको कुनै पनि भागमा खानेपानी सेवालाई कुनै पनि रूपमा निजीकरण गर्ने कार्य खारेज गर्नुपर्ने ।

(ख) खानेपानीजस्तो आधारभूत मानवअधिकारको विषयलाई राज्यको अनिवार्य दायित्वअन्तर्गत समावेश गरी खानेपानी सेवाको व्यवस्थापन आवश्यक सुधारसहित वर्तमान नेपाल खानेपानी संस्थान तथा अन्य सार्वजनिक निकायहरूसमेतको संलग्नतामा व्यवस्थित गरिनुपर्ने ।

(ग) नेपाल खानेपानी संस्थान ऐन, २०४६ मा गरिएको संशोधन तथा खानेपानी सेवालाई निजीकरण गर्नेसम्बन्धमा विगतको संसद्ले रहस्यमय ढंगले पारित गरेका ऐनहरू खारेज गरिनुपर्ने ।

(घ) सेभर्न टेन्ट वाटर इन्टरन्याशनल् नामक बेलायतको विवादास्पद बहुराष्टिय कम्पनीसँग हुने भनिएको काठमाडौं उपत्यकाको खानेपानी व्यवस्थापन करारमा दिनेसम्बन्धी सम्पूर्ण कार्यहरू तत्काल बन्द गरिनुपर्ने ।

(ङ) मेलम्ची खानेपानी आयोजनाका लागि ऋणको पूर्वशर्तस्वरुप एशियाली विकास बैंकले लादेको काठमाडौं खानेपानी सेवालाई निजीकरण गर्ने भन्ने प्रावधान तत्थ्काल हटाइनुपर्ने ।

यस विषयमा थप जानकारीका निमित्त बेलायतको सेभर्न टेन्ट वाटर इन्टरन्याशनल्नामक विवादास्पद बहुर्राष्टिय कम्पनीसँग सम्बन्धित विवाद र समस्याका बारेमा उपलब्ध कागजपत्र तथा गत मार्च १५ मा उक्त कम्पनीको प्रधान कार्यालयका अगाडि सम्पन्न विरोध प्रदर्शनसम्बन्धी जानकारीहरू यसैसाथ संलग्न गरेका छौँ ।

यदि काठमाडौं उपत्यकालगायत नेपालको कुनै पनि भागमा खानेपानी सेवालाई कुनै पनि रुपमा निजीकरण गर्ने वा विदेशी कम्पनीलाई जिम्मा लगाउने कार्य तत्काल नरोकिएमा यसबाट बृहत् शान्ति सम्झौता तथा अन्तरिम संविधानविपरित हुनेतर्फ गम्भीररुपमा ध्यानाकर्षण गराउन चाहन्छौं ।

***बोधार्थ***
*सम्माननीय प्रधानमन्त्री तथा पार्टी सभापति श्री गिरिजाप्रसाद कोइरालाज्यू, नेपाली कांग्रेस ।*
*श्री माधवकुमार नेपालज्यू, महासचिव नेकपा (एमाले)*
*प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)*
*श्री शेरबहादुर देउवाज्यू, पार्टी सभापति नेपाली कांग्रेस (प्रजातान्त्रिक)*
*श्री नारायणमान विजुक्क्षे रोहित, अध्यक्ष, नेपाल मजदूर किसान पार्टी*
*श्री हृदयेस त्रिपाठी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)*
*श्री लिलामणि पोखरेलज्यू, संयुक्त जनमोर्चा-नेपाल*
*श्री प्रभुनारायण चौधरी संयोजक, संयुक्त बाममोर्चा*
*माननीय मन्त्री श्री रामशरण महतज्यू, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं ।*
*माननीय मन्त्री श्री गोपालमान श्रेष्ठज्यू, भौतिक योजना तथा निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौं ।*
*माननीय मन्त्री राजेन्द्र पाण्डेज्यू, स्थानीय विकास मन्त्रालय, पुल्चोक, ललितपुर ।*

भवदीय

| क्रसं. | नाम र संस्था | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | रामचन्द्र चटौत, जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपाल | अध्यक्ष | |
| २. | राजेन्द्र अर्याल, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ-नेपाल | अध्यक्ष | |
| ३ | ज्योति बानिया, उपभोक्ता हित संरक्षण मंच | महासचिव | |
| ४ | महेशकुमार श्रेष्ठ, गैसस महासंघ, जिल्ला शाखा काठमाडौँ | सदस्य | |
| ५ | रतन भण्डारी, राष्ट्रिय सरोकार समाज | सचिव | |
| | | | |
| | | | |
| | | | |
| | | | |